अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु जयकुमार खड्का, आत्माराम राजवंशी, सुवर्ण मानन्धर, योगेन्द्रनाथ कर्माचार्य, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, अमर थापा, गिताकुमारी शाही र सुरोज गिरी मु.नं (०८०-CR-००१८) फैसला मिति २०८०/१२/०१	सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •**साझा भण्डार सहकारी संस्था लि. का तत्कालीन अध्यक्ष जयकुमार खडका तथा संचालक समितिका तत्कालीन सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोला प्रसाद न्यौपाने र सदस्य सचिव तथा महाप्रवन्धक अमर थापालाई** सावि‍क कटकुवा गा.वि.स. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को कित्ता नं. १३०३, क्षेत्रफल ० -२ -० (दुई कट्टा) जग्गा र बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६ समेतको कूल क्षेत्रफल ०-२-१७ (दुई कट्टा सत्र धुर) जग्गा अत्यन्त कम मूल्यमा बिक्री गर्ने निर्णय गरी साझा भण्डार सहकारी संस्था लि. सुर्खेत र कोहलपुर गरी दुवै स्थानको जग्गा विक्री वापत कूल रु. ४,०४,२४,१८१।२० (अक्षेरुपी चार करोड चार लाख चौविस हजार एक सय एकासी रुपैया विस पैसा) हानी नोक्सानी पुर्याएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु. ४,०४,२४,१८१।२० (अक्षेरुपी चार करोड चार लाख चौविस हजार एक सय एकासी रुपैया विस पैसा) कायम गरी सोही ऐनको दफा १७ बमोजिम सोही दफाले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम विगो समेत असुल उपर हुन। •**सञ्चालक समितिका तत्कालीन सदस्य योगेन्द्रनाथ कर्माचार्यलाई** साझा भण्डार सहकारी लि. का नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६ समेतको कूल क्षेत्रफल ० -२ -१७ (दुई कट्टा सत्र धुर) जग्गा विक्री गर्ने निर्णय गरी संस्थालाई	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •साधारण सभाले अनुमति प्रदान गरे बमोजिम संस्थाको संचालक समितिले प्रतिस्पर्धाको आधारमा पारदर्शी रुपमा सबै भन्दा बढी कबोल गर्नेलाई र मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्य भन्दा बढी मूल्यमा हक हस्तान्तरण गरेको देखिएको। •मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरुले बदनियतका साथ जग्गा बिक्री गरी आरोप दावी बमोजिम संस्थालाई हानी नोक्सानी पुर्याएको देखिएन।	•**क.** साझा भण्डार सहकारी संस्था लि. भोटाहिटी, काठमाण्डौले आफ्नो नाममा रहेको सुर्खेत जिल्ला सावि‍क कटकुवा गा.पं. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८, कित्ता नं. १३०३, क्षेत्रफल ०-२-० (दुई कट्टा) जग्गा र बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कित्ता नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६, कूल क्षेत्रफल ०-२-१७ (दुई कट्टा सत्र धुर) जग्गा अनुचित लाभ लिइ कम मूल्यमा विक्री गरी आर्थिक हिनामिना र भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको आयोगमा प्राप्त उजुरीमा थप अनुसन्धान पश्चात दायर भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरु मध्येका जयकुमार खडका साझा भण्डार सहकारी संस्था लि. का संचालक समितिका अध्यक्ष र अन्य प्रतिवादीहरु आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य सदस्य एवंम् अमर थापा सदस्य सचिव तथा महाप्रवन्धक पदमा कार्यरत रहेको देखिन्छ भने प्रतिवादी मध्येका गीताकुमारी शाही र सुरोज गिरी उक्त साझा भण्डार सहकारी संस्था लि. बाट अत्यन्न कम मूल्यमा जग्गा खरिदगरी फाइदा प्राप्त गर्ने व्यक्ति रहेकोमा तथ्य पुष्टि भएको छ। •सहकारी विभाग, नयाँ वानेश्वरको च.नं. १३६७, मिति २०८०।३।११ को पत्रबाट साझा भण्डार सहकारी संस्था लिमिटेड, भोटाहिटी काठमाण्डौको नाममा सुर्खेत र कोहलपुरमा रहेको जग्गा व्यक्तिलाई विक्री गर्नुपूर्व उक्त संस्थाले सहकारी विभाग वा माथिल्लो निकायबाट स्वीकृति लिएको नदेखिएको र स्वीकृति विना उक्त जग्गाहरु जग्गा व्यक्ति विशेषलाई विक्री गर्न नपाउने भन्ने समेत व्यहोराको उल्लेख भएको र साझा भण्डार सहकारी संस्था लि. ले आफ्नो नाममा रहेको जग्गा सहकारी विभाग वा नेपाल सरकारको अन्य निकायको स्वीकृति वेगर व्यक्ति विशेषलाई विक्री गरी सुर्खेत र कोहपुर दुवै स्थानको जग्गा विक्री वापत कूल रु. ४,०४,२४,१८१।२० (अक्षेरुपी चार करोड चार लाख चौविस हजार एक सय एकासी रुपैया विस पैसा) संस्थालाई हानी नोक्सानी पुर्याएको तथा जग्गा खरिद कर्ता व्यक्तिहरूलाई फाईदा पुर्याएको देखिएको हुँदा निज साझा भण्डार सहकारी संस्था लि. का तत्कालीन संचालक समितिका अध्यक्ष जयकुमार खडका तथा सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य, सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा लगायत जग्गा खरिकर्ता गीताकुमारी शाही र सुरोज गिरीसमेतको आपसी मिलेमतो तथा योजनामा व्यक्तिलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको हानी नोक्सानी गरेको पुष्टि भई रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ। •**साझा भण्डार सहकारी संस्था लि.को सुर्खेत जिल्ला सावि‍क कटकुवा गा.पं. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८, कित्ता १३०३, क्षेत्रफल ०-२-० (दुई कट्टा) जग्गाको हकमा**, साझा भण्डार सहकारी संस्थाको संचालक समितिको मिति २०६३/०६/१२ को निर्णयबाट उक्त जग्गा बिक्री गर्ने निर्णय भई साझा भण्डार सहकारी संस्था लि.को नियमालीको प्रावधान बमोजिम जग्गा विक्रीको लागि ३५ दिनको म्याद राखी सूचना प्रकाशित गर्नुपर्नेमा सो नियमावली विपरीत २१ दिने सूचना प्रकाशन गरी सिमित व्यक्तिहरुको बोलपत्र फारामहरुको आधारमा प्रतिवादी गिता कुमारी शाहीलाई उक्त जग्गा रु.६,७०,०००।—मा बिक्री गरेको देखिन्छ। मालपोत कार्यालय, सुर्खेतको पत्रबाट लिखत पारित प्रतिलिपी अनुसार मिति २०६६ वैशाख १ गतेदेखि २०६७ असार मसान्तसम्म सुर्खेत जिल्ला

			रु. ४,००,९४,१८१।२० हानी नोक्सानी पुर्याएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु. ४,००,९४,१८१।२० (अक्षेरुपी चार करोड चौरानव्वे हजार एक सय एकासी रुपैया विस पैसा) कायम गरी सोही ऐनको दफा १७ बमोजिम सोही दफाले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम विगो समेत असुल उपर हुन। •**जिल्ला दैलेख, नारायण नगरपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, टोखा न.पा. ३, बाँसबारी बस्ने गीताकुमारी शाहीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा सोही दफा २२ को प्रतिवन्धात्मक बाक्यांसमा भएको व्यवस्था बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र **जिल्ला बाँकि, कोहलपुर नगरपालिका वार्ड नं. ११ बस्ने सुरोज गिरीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा सोही दफा २२ को प्रतिवन्धात्मक बाक्यांसमा भएको व्यवस्था बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** •प्रतिवादीहरु जय कुमार खड्का समेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ।		सावित कटकुवा गा.वि.स. वडा नं. ९ अन्तर्गत विक्री भएको सोही अवधिको जग्गा विक्री गरी पारित भएका राजिनामा लिखतहरु मध्ये न्यूनतम विक्री मूल्यलाई नै आधार मानी हेर्दा समेत प्रति धुर रु. २५,०००।(अक्षेरुपी पच्चिस हजार रुपैया) का दरले २ कट्टा (अर्थात ४० धुर) को रु. १०,००,०००।(अक्षेरुपी दश लाख रुपैंया) विक्री दर रहेको अवस्थामा जग्गा खरिदकर्ता गीता कुमारी शाहीलाई रु. ६,७०,०००।(अक्षेरुपी छ लाख सत्तरी हजार रुपैया) मा (प्रति धुर रु.१६,७५०।(अक्षेरुपी सोह्र हजार सात सय पचास रुपैया) का दरले विक्री गरी संस्थालाई रु. ३,३०,०००।(अक्षेरुपी तीन लाख तीस हजार रुपैंया) हानी नोक्सानी पुर्याएको उक्त बिगो मालपोत कार्यालय,सुर्खेतको पत्रबाट प्राप्त जग्गा विक्री गरी पारित राजिनामामा लिखतहरुको आधारमा नै कायम गरेको अवस्थामा मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्य भन्दा बढी मूल्यमा हक हस्तान्तरण गरेको भन्ने आधार लिई मिसिल संलग्न उक्त सवुद प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरु जयकुमार खड्का,आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा र जग्गा खरिदकर्ता गिता कुमारी शाही समेतलाई सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ। •**साझा भण्डार सहकारी संस्था लि., भोटाहिटी, काठमाण्डौले आफ्नो नाममा रहेको बाँकि जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कित्ता नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६, कूल क्षेत्रफल ०-२-१७ (दुई कट्ठा सत्र धुर) जग्गाको हकमा,** साझा भण्डार सहकारी संस्थाको सञ्चालक समितिको मिति २०६९।०३।३१ को बैठकले बाँकि सावित कोहलपुर गा.वि.स वडा नं. ३(क) का उक्त ६ कित्ता (कूल क्षेत्रफल ०-२-१७, दुई कट्ठा सत्र धुर) जग्गा बिक्री गर्नका लागि एकमुष्ठ रु. ७१,००,०००।(अक्षेरुपी एकहत्तर लाख रुपैया) न्यूनतम् मूल्य कायम गरी गोरखापत्रमा ३५ दिनको म्याद दिई सूचना प्रकाशित गरी एउटै व्यक्तिको हस्त लिखित रहेको र सिमित व्यक्तिहरुको बोलपत्र फाराम थान-५ (पाँच) को आधारमा सब भन्दा बढी रकम बोलकबोल गर्ने सुरोज गिरीलाई रु. ७१,५१,१००।(अक्षेरुपी एकहत्तर लाख एकावन्न हजार एकसय रुपैया मात्र) मा बिक्री गर्ने निर्णय भई विक्री गरेको देखिन्छ।कोहलपुर नगर विकास समितिबाट बिक्री गरिने जग्गाहरुको न्यूनतम मूल्यांकन कायम गरी बोलपत्रको माध्यमबाट विक्री गर्ने गरिएको र समितिको मिति २०६८।०३।१७ को बैठकको निर्णयबाट क्षेत्रफल १४४ वर्ग मिटर, प्लट नं. ४७ को न्यूनतम मूल्य रु.७५,००,००,०००।(अक्षेरुपी पचहत्तर लाख रुपैया) र प्लट नं. ४८ को न्यूनतम मूल्यांकन रु.७०,००,०००।-(अक्षेरुपी सत्तरी लाख रुपैया) कायम भई मिति २०६९।०५।२७ को नागरिक दैनिकमा सूचना प्रकाशन गरी बोलपत्रको माध्यमबाट विक्री गर्दा प्लट नं. ४७ को रु. ७५,००,१००।(अक्षेरुपी पचहत्तर लाख एकसय रुपैया) र प्लट नं. ४८ को रु. ७०,५०,०००। (अक्षेरुपी सत्तरी लाख पचास हजार रुपैया) मा गत वर्ष नै विक्री भईसकेको साथै साझा भण्डार सहकारी संस्था लि. को नाममा दर्ता कायम रहेका कित्ताहरु देखि प्लट नं. ४७, ४८, ५५, ५६, ६४ र ६७ को औसत दुरी २०८ मिटर रहेको उक्त प्लट नं. ५५, ५६, ६४ र ६७ को न्यूनतम मूल्य रु. ७०,००,०००।(अक्षेरुपी सत्तरी लाख रुपैया) मा मूल्यांकन भएकोमा अधिकतम् रु. ८०,००,०००।-(अक्षेरुपी असी लाख रुपैया) मा विक्री भएको भनी कोहलपुर नगर विकास समितिको मिति २०७०।१२।२८ को पत्रमा उल्लेख भई आएको देखिन्छ।आ.व. २०६९/०७० सालको न्यूनतम मूल्यांकन पुस्तिकामा कोहलपुर नगर विकास समितिबाट बितरित घडेरी जग्गाको मूल्यांकन उक्त समितिले तोकेको मूल्यमा नघटाई कायम गर्ने भन्ने रहेको, नगर विकास समितिद्वारा निर्धारित मूल्यांकनलाई न्यूनतम मूल्यांकन कायम गर्ने भन्ने निर्णय भएको देखिन्छ भन्ने व्यहोराको मालपोत कार्यालय,बाँकेको च.नं. ५५८२, मिति ०७४।०९।०५ को पत्रबाट उक्त कि.नं.का जग्गाहरुको मूल्य कोहलपुर नगर विकास समितिले निर्धारण गरेकै मूल्यलाई आधार लिई

					लिखत पारित गर्ने गरेको देखिन्छ।सोही कोहलपुर नगर विकास समितिले प्लानिङ गरेको साझा भण्डार सहकारी संस्था लि. को नाममा दर्ता कायम रहेको उक्त कित्ताहरुको आसपासको १४४ वर्गमिटर क्षेत्रफल भएको जग्गाको न्यूनतम विक्री मूल्यलाई नै आधार मानी हेर्दा रु. ७०,५०,०००।-(अक्षेरुपी सत्तरी लाख पचास हजार रुपैया) मा विक्री भएको देखिंदा सोही आधारमा साझा भण्डार सहकारी संस्था लि. ले आफ्नो नाममा रहेको ६ वटा कित्ता जग्गाहरुको जम्मा क्षेत्रफल २ कट्ठा १७ धुर (९६५.०१ वर्ग मिटर) को मूल्य रु. ४,७२,४५,२८१।२० (अक्षेरुपी चार करोड वहत्तर लाख पैतालिस हजार दुई सय एकासी रुपैया विस पैसा) पर्ने देखिन्छ तर साझा भण्डार सहकारी संस्था लि. ले रु. ७१,५१,१००।(अक्षेरुपी एकहत्तर लाख एकाउन्न हजार एक सय रुपैया) मा मात्र विक्री गरेको देखिंदा प्रतिवादीहरु जयकुमार खड्का,आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य, सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा र जग्गा खरिकर्ता सुरोज गिरीसमेतले उक्त संस्थालाई रु. ४,००,९४,१८१।२० (अक्षेरुपी चार करोड चौरानव्वे हजार एक सय एकासी रुपैया विस पैसा) हानी नोक्सानी र व्यक्तिलाई फाइदा पुर्याएको मिसिल संलग्न सवुद प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा उक्त प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुर्टीपूर्ण रहि बदरभागी रहेको छ। • अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु साझा भण्डार सहकारी संस्था लि. का तत्कालीन संचालक समितिका अध्यक्ष जयकुमार खडका तथा सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य, सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा लगायत जग्गा खरिकर्ता गीताकुमारी शाही र सुरोज गिरीसमेतलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।